स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



'जहाँ दयाहाङ, त्यहा' बुद्धि ।' पछिल्लो समय नेपाली फिल्मवृत्तमा चलेको भनाइ हो यो । 'कबड्डी' सिरिजमा जमेको यी दुईको दोस्तीलाई देखेर अन्य फिल्म निर्माताले समेत उनीहरुलाई नै कास्ट गर्न थालेका छन् । यम शेर्पाको निर्देशनमा बन्न लागेको 'कार्साङ'मा दयाहाङ राई र बुद्धि तामाङले सहकार्य गर्ने भएका छन् । गत साता दयाहाङ यो फिल्मको शीर्ष भूमिकामा अनुबन्धित भएको खबर आएको थियो । शुक्रबार यो फिल्ममा बुद्धि तामाङ पनि जोडिएका छन् ।

**आजको विचार...**



समाजवादी... (दुई पेजमा)

डा. डीआर उपाध्याय

ठेक पौरखी राईको निर्देशन रहेको फिल्म 'जय हो'को टिजर सार्वजनिक गरिएको छ । १ मिनेट १० सेकेन्डको टिजरमा प्रेम, मित्रता र द्वन्द्वलाई समेटिएको छ । विशेषगरी अभिनेत्री केकी अधिकारी र अभिनेता सलोन बस्नेतको प्रेममा आउने उतार-चढावमा टिजर केन्द्रित छ । माओत्से गुरुङ र निशा अधिकारी जोडीको रुपमा प्रस्तुत टिजरमा अर्पण थापा र सलोनबीच द्वन्द्वात्मक दृश्य पनि छ । आगामी भदौ ८ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा प्रेम पाण्डे, दिपा शाक्य श्रेष्ठ, सुवी मगर, सुमिन गुरुङ, सुशान्त श्रेष्ठको पनि अभिनय छ ।



❒ वर्ष २८ ❒ अंक ३२७ ❒ २०८० असार १० गते आइतबार 25 June 2023, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### नक्कली परीक्षार्थी पक्राउ

**गलकोट,** असार ९/सवारीचालक अनुमती पत्रको प्रयोगात्मक परीक्षामा सहभागी नक्कली परीक्षार्थीलाई प्रहरीले शनिबार पक्राउ गरेको छ । यातयात व्यवस्था कार्यालय बागलुङले माझीबस्तीमा लिइरहेको प्रयोगात्मक परीक्षा 'ट्रायल सेन्टर'मा नक्कली परीक्षार्थी बनेका सशस्त्र प्रहरी जवान गणेश कोहिरीलाई पक्राउ गरेको हो । पर्वको कुश्मा नगरपालिका पकुवा घर भई हाल सशस्त्र प्रहरी बलको सहायक हबल्दार पदमा कार्यरत विनोद नेपालीका नाममा प्रयोगात्मक परीक्षामा सहभागी रुपन्देही निवासी सशस्त्र प्रहरी जवान कोहिरीलाई परीक्षा स्थलबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी मदन केसीले जानकारी दिए । नक्कली परीक्षार्थी बनेका कोइरी सशस्त्र प्रहरी बल रुपन्देहीमा कार्यरत छन् भने सशस्त्र प्रहरी बलको सहायक हबल्दार पदमा कार्यरत नेपाली कास्कीस्थित सशस्त्रवाहिनीमा कार्यरत छन् । नेपालीलाई अनुसन्धका लागि बोलाउने तयारी भइरहेको प्रनाउ केसीको भनाइ छ । *-रासस*

## तानसेन नगर सरकारको नीति तथा कार्यक्रमको गन्तव्य

# 'पर्यटन र संस्कृति संरक्षणमा केन्द्रित'

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार ९/जिल्लाको तानसेन नगर सरकारले शनिबार नीति तथा कार्यक्रम ल्याएको छ । उसले नगर सभाको १३ औं अधिवेशनमार्फत आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम ल्याएको हो ।

नगर उपप्रमुख प्रतिक्षा सिंजालीले १८२ बुँदे नीति तथा कार्यक्रम सभामा पेश गरेकी हुन् । 'सुव्यवस्थित पूर्वाधार, पहिचानमूलक उत्पादन र हरित वातावरणयुक्त पर्यटकीय, समावेशी, सांस्कृतिक नगर' को नारा सहित विकास र समृद्धिको परिकल्पनालाई साकार पार्ने गरी नीति तथा कार्यक्रम ल्याइएको उपप्रमुख सिंजालीले बताइन् । उनले पेश गरेको नीति तथा कार्यक्रमले संविधान र संघीयताको प्रभावकारी कार्यान्वयनलाई जोड दिएको छ भने पर्यटनको विकास, संस्कृति सरक्षणसँगै उत्पादकत्व वृद्धि गरी रोजगारी बढाउने लक्ष्यलाई प्राथमिकतामा राखेको छ ।

तानसेनभित्र पर्यटक लक्षित पूर्वाधारहरूको विकास गरी पर्यटकीय गन्तव्य बनाउने उल्लेख छ । तानसेनलाई हिल स्टेशन तथा सांस्कृतिक नगरको रुपमा विकास गर्ने, नगरभित्रका प्राचिन शैलिबाट बनेका घर, पार्टीपौवाको संरक्षण गरिने, ऐतिहासिक




पाल्पा दरबार पसिरमा तत्काल ढुंगा छपाइएको काम गरिनुको साथै यस क्षेत्रको सौन्दर्यकरण र विकासका लागि संघ तथा प्रदेश सरकार र पुरातत्व विभागसँग सहकार्य गरिने नीति तथा कार्यक्रममा समेटिएको छ । यस्तै रानीमहल पूर्वाधार विकास तथा प्रवर्द्धन कार्यक्रम र श्रीनगर उद्यान संरक्षण तथा सम्वर्द्धन कार्यक्रमको लागि स्रोत व्यवस्थापन गरिने, श्रीनगरसम्म जाने कालोपत्रे सडकको स्तरोन्नती गरिने, अर्गाली दवारसहित नगर भित्रका पुरातात्विक सम्पदाहरुको संरक्षण, व्यवस्थापन गरिने, तानसेन -१३ छेर्लुङ्गको सपलकमा रहेको ३ सय वर्ष पुरानो ऐतिहासिक बगैचालाई कालीगण्डकी नदीको बहावले क्षति पुर्‍याउँदै आएकोमा त्यसको संरक्षण गरिने उल्लेख गरिएको छ । यस्तै श्रीनगर-रानीमहल केवलकार निर्माण, कुहिरेभीर रक क्लाइम्बिङ्ग योजना निर्माण गर्न निजी क्षेत्रलाई आकर्षित गर्ने नीतिगत व्यवस्था गरिने छ । अमरणनारायण फूलबारी, बंशगोपाल पार्क, बौघापोखराथोकको जर्नेटा टुँडिखेल, कुहिरे भीर, सिद्धगुफा, चेचीकोट, रुरु क्षेत्र लगायतका क्षेत्रको वृहत्त योजना तयारी गरी सोही बमोजिम पर्यटकीय क्षेत्रहरुको विकास गरिने, माडीफाँटको ढाव क्षेत्रलाई माण्डव्य सरोबरको रुपमा विकास गर्न सम्भाव्यता अध्ययन गरी पर्यटकीय आकर्षणको केन्द्र बनाईने, बौघागुम्हा होमस्टे, मदनपोखराको छापमा सञ्चालित होमस्टे लगायत नगर भित्र रहेका होमस्टेहरुको प्रवर्द्धन गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । बजार क्षेत्रको सौन्दर्यकरणमा अभिवृद्धि गर्न सडक पेटी, सडक बत्ति, सरसफाई, सडक मर्मत र पार्किङ्ग व्यवस्थापनलाई विशेष प्राथमिकता दिइने, नगरभित्र रहेका विज्ञापन बोर्ड तथा व्यवसायिक प्रतिष्ठानका बोर्डहरुमा एकरुपता ल्याईने जनाइएको छ ।

यस्तै नगर सरकारले नगरको ऐतिहासिक संस्कृति र परम्पराको प्रवर्द्धन गर्न तानसेनमा सञ्चालन गरिने जात्रा तथा पर्वहरुहरुलाई विशेष ध्यान दिने बताएको छ । नगर सरककारले भगवती रथ यात्रा, अमरनारायण रथयात्रा, गाईजात्रा, रोपाई जात्रा, बाघ जात्रा, चुईकी फिराई, लगायतका जात्राहरुलाई निरन्तरता दिन समन्वय र सहकार्य गर्ने उल्लेख गरेको छ ।

*(...बाँकी अन्तिम पेजमा)*




# रिब्दीकोटले ल्यायो ५३ करोडको बजेट

**कृष्ण पोखरेल**

**पाल्पा,** असार ९/जिल्लाको रिब्दीकोट गाउँपालिकाले कृषि र पर्यटन क्षेत्रलाई प्राथमिकतामा राख्दै आगामी आर्थिक बर्षको बजेट ल्याााएको छ । पालिकाले १३ औं गाउँसभामार्फत आगामी वर्ष २०८०/०८१ को लागि बजेट ल्याएको हो ।

उपाध्यक्ष कान्ता अधिकारीले गाउँसभामा ५३ करोड ६८ लाख बराबरको बजेट पेश गरेकी हुन् । उपाध्यक्ष अधिकारीले पुँजीगततर्फ २३ करोड ५६ लाख ६४ हजार र चालु तर्फ २९ करोड ४४ लाख ४ हजार बजेट विनियोजन गरेको बताईन । पालिकाले आन्तरिक आम्दानीको लागि ७३ लाख ७७ हजार रकम उठ्ने अनुमान गरेको छ । उसले आर्थिक विकासको लागि २ करोड ३८ लाख, वन वातावरण



तथा विपद्को लागि ३७ लाख, संस्थागत क्षमता विकासका लागि ४३ लाख ५० हजार, पूर्वाधार विकासका लागि ५ करोड ७६ लाख ८० हजार, सामाजिक तथा साँस्कृतिक संरक्षणको लागि ९३ लाख, सामाजिक विकासको लागि ३ करोड ६४ लाख ३८ हजार, सुशासन तथा प्रशासनिक खर्चतर्फ ५ करोड ९० लाख ५० हजार, वडागत चालु तथा पुँजीगत खर्च ४ करोड ४५ लाख, प्रदेश विशेष अनुदान ६० लाख, संघीय सशसर्त अनुदान २६ करोड २८ लाख, प्रदेश शसर्त अनुदान ८६ लाख ५० हजार, अन्तर सम्बन्धित क्षेत्रतर्फ १ करोड ३८ लाख अनुमानित बजेट सार्वजनिक गरेको छ ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

## सम्पादकीय

# भूमि पूजाको सन्दर्भ

मगर समुदायले आज भूमि पूजा गर्दैछन् । यसलाई भुमे पूजा पनि भन्ने चलन छ । मगर समुदायले असारमा रोपाई सुरु गर्नु अगावै पन्चत्व स्वरूपमा भूमिको पूजन गर्ने परम्परा छ । विशेषगरी रोल्पा, रुकुम, सल्यान, पाल्पा, दैलेख, जाजरकोट दाङ लगायत राप्ती अञ्चलका सबै जिल्लाहरुमा धूमधामसँग भूमि पूजा गर्ने गरिन्छ । यसलाई मगर जातिले पर्वकै रुपमा मनाउने गर्दछन् । यो उनीहरुको महत्वपूर्ण पर्व मध्ये एक हो । ठाउँ विशेष अनुसार भूमिको पूजा गर्ने चलन छ । पुर्खाले जंगल खोस्रेर खेतीपाती गर्न थालेदेखि नै यो पर्व मनाउन थालिएको इतिहास छ ।

हुन त यो पर्व असार १ गतेदेखि नै प्रारम्भ भए पनि आजको दिनलाई विशेष मान्ने गरिन्छ । भूमे पूजाको सम्बन्ध कृषि र बादलसँग रहेको छ । जेठको अन्तिम दिनमा लेकबाट फुल टिपेर ल्याई खेत, खरियानमा भूमे पूजा गरिन्छ । लेक अर्थात् बादलहरू रहने उच्च भूमिबाट ल्याएका फूलहरू खेतका फाँटमा राखेर पूजन गरेपछि वर्षाको कमी नहुने मान्यता छ । यस वर्ष देशभरी निकै चर्को गर्मी र खडेरी बढ्दा भ्यागुताको बिहेदेखि अन्य थुप्रै विधिहरू गरेर बर्खाको आह्वान गरिरहेको यस अवस्थामा भूमे पुजाको महत्व झन् बढेको छ । बाढी पहिरो, हुरी बतास जस्ता प्राकृतिक प्रकोपबाट बच्न र खेतीपाती राम्रो होस् भन्नका लागि भूमिको पूजाले महत्व राख्दछ । सनातन दर्शनमा भूमिलाई गौ रूप समान मानिन्छ । त्यस कारण भूमिलाई षोडशोपचारबाट गणपतिको स्मरणका साथै इष्टदेव एवं कुल देवतालाई प्रणाम अभिवादन एवं अर्चनोपरान्त पूजा गर्ने गरिन्छ । भूमिको पूजा गरेमा वर्षभरि कुनै पनि बिपत्ती नआउने विश्वास गरिन्छ । यो पर्वबाट भावनात्मक एकता कायम गरी सामूहिक सोचको विकास गर्न समेत मत्वपूर्ण भूमिका खेल्दछ ।

## Opinion @ Social Network

घर बिगार्ने ठूलो रोल खेल्ने आफन्त नै हुन् नत्र पराईलाई त के थाहा हजुरको घरको कुन खम्बा कहाँनिर कमजोर छ भन्ने ।

*(मोहन सिंजालीको फेसबुक स्टाटस https://www.facebook.com/sinjali.mohan)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# समाजवादी मोर्चा कि समाजवादी यात्रा



डा. डीआर उपाध्याय

*नीति, सिद्धान्त, विचार नमिल्ने पार्टीहरूलाई मिलाएर सरकार बनाइएको छ । सत्ता छोड्न ज्यान गएजस्तो हुन्छ । सत्ता स्वार्थका लागि जे पनि गर्न तयार हुने । यसरी त जनताले कसरी विश्वास गर्ने ? झुक्याउने, छक्याउने पनि त सीमा हुन्छ नि । अब जनता भ्रममा पर्दैनन् । यो कुरा नेताहरूले बुझ्ने हुन्छ । हल्काफुल्का राजनीतिक गफले मुलुक बनाउन सकिँदैन । मुलुक बनाउन नेतृत्वमा इमानदारी चाहिन्छ । खोइ इमानदारी ? बालेन, हर्क किन वावा छन् ? उनीहरूले जे बोलेका थिए आज त्यही गरेर देखाए । समृद्धि, लोकतन्त्र र समाजवादका कुरा धेरै भए । व्यवहारमा लैजाने कुरामा कम्युनिष्टहरू चुक्दै आएका छन् । समाजवाद के हो भन्ने कुरामा भने यत्तिको स्पष्टता र मतैक्यता छैन । कम्युनिष्ट र प्रजातान्त्रिक समाजवादीबीच आ-आफ्नै खाले समाजवाद नै 'वास्तविक समाजवाद' हो भन्ने कुरा उहिल्यैदेखि विवाद हुने गरेका विषय हुन् । समाजवादी भनिएका कतिपय देश बजारभक्त नवपुँजीवादमा परिणत भएका छन् भने केही भने पूर्णतया अपारदर्शी एकदलीय तानाशाहीमा समेत परिणत भएका छन् ।*

नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टी, जनता समाजवादी पार्टी र बिप्लव नेतृत्वको नेकपा मिलेर समाजवादी मोर्चा नेपाल घोषणा भएको छ । डा.बाबुराम भट्टराई र वामदेव गौतम मोर्चामा सहभागी हुने चर्चा चले पनि उनीहरू मोर्चामा सहभागी भएनन् । चार दलीय मोर्चाले समाजवादी यात्रा तय गर्लान त ? एमालेसहितका धेरै जसो कम्युनिष्ट पार्टीहरू मोर्चामा सामेल छैनन् । यो मोर्चाको के अर्थ ? नेपालमा भएका सबै कम्युनिष्ट पार्टीहरू मिलेर मोर्चा गठन गरेको भए अब केही हुन्छ है भन्ने सोच्न सकिन्थ्यो । एमालेसहितका धेरैजसो कम्युनिष्ट पार्टीहरू मोर्चादेखि बाहिर रहँदा त्यति आसलाग्दो मोर्चा बनेको छैन ।

नेपालका कम्युनिष्टहरू कुरा बढी गर्छन् काम र उपलब्धि शून्य । चर्का भाषण गर्न बहुत सिपालु छन् । भोलि काम गर्न सकियोस् या नसकियोस् कुरा भने गरिहाल्छन् । कम्युनिष्टको नेतृत्वमा नेपालमा पटक-पटक सरकार बनेको छ । अहिले पनि कम्युनिष्ट पार्टीको नेतृत्वमा गैरकम्युनिष्ट दल सामेल भएर सरकार चलेको छ । यसै बेलामा समाजवादी मोर्चा बनाएर प्रधानमन्त्री पुष्पकमल दाहालले के गर्न खोजेका हुन् भनेर प्रश्न पनि उठ्ने गरेको छ । कम्युनिष्टका नेताहरू सेवासुविधामा रमाइसकेका छन् । यसलाई चटक्क छोडेर समाजवादको यात्रामा उनीहरू जालान् भनेर विश्वास गर्ने कुनै ठाउँ नै छैन । बेलुकापख तारे होटल, रेष्टुरेन्ट आदि इत्यादि जस्तामा खान पल्किएकाले के समाजवाद ल्याउलान भनेर पत्याइहाल्न सकिँदैन । किनभने नेताहरूको बानी बिग्रिसकेको छ । बेलुका भयो कि मुख सकसक गर्छ । यस्तो भएपछि समाजवादका कुरा गर्नु बेकार जस्तो लाग्छ । अधिकांश नेताहरूलाई आफ्नो घरको भात मीठो हुन छाडिसक्यो । नेताहरू सुधार्ने हो भने यो सम्भव पनि छ । सम्भव नभएको होइन । अर्को कुरा नेताहरूले लोभ त्याग्नुपर्छ । निजी सम्पत्ति जोड्ने कुरामा तछाडमछाड गर्नु हुँदैन । देश र जनताको भलाइका लागि मात्र सोच्ने नेता तयार गर्नुपर्छ । अब बुढा नेताबाट यो सम्भव छैन । नयाँ दल र नयाँ नेताहरू यस बाटामा इमानदारीका साथ अघि बढ्ने हो भने सम्भव छ ।

देशको ढुकुटी लुटेर निजी सम्पत्ति जोड्न पल्केकाबाट यो सम्भव छँदै छैन । कुरो तीतो भए पनि यो कुरा सत्य हो । सत्य कुरा सुस्मा तीतो हुन्छ । समाजवाद भनेको के हो ? यो कुरा बुझ्न जरुरी छ । कुरामात्र गरेर हुन्छ कि व्यवहारमा पनि देखाउनुपर्छ । समाजवाद एउटा यस्तो आर्थिक व्यवस्था हो जहाँ देशको सम्पूर्ण अर्थतन्त्रको स्वामित्व पूर्णतया सरकारमा निहीत हुन्छ जसलाई सामाजिक स्वामित्व पनि भनिन्छ । यस्तो आर्थिक राजनीतिक व्यवस्था अंगीकार गर्ने राष्ट्रलाई समाजवादी राष्ट्र भनिन्छ । स्वामित्व भन्नाले वस्तुको उत्पादन, नियन्त्रण र व्यवस्थापन आदि पर्छन् । सामाजिक स्वामित्वका पनि विभिन्न प्रकार हुन्छन् जस्तै : साझा स्वामित्व, सहकारी संस्थान, प्रत्यक्ष सार्वजनिक स्वामित्व र राज्यद्वारा सञ्चालित स्वतन्त्र संस्थान आदि जनाउँछ । तर, समाजवादको निश्चित परिभाषा यिनै स्वामित्वका प्रकारहरूमा फरक-फरक हुनसक्छ । आज देश कतातिर जाँदै छ । कता लान खोजिएको छ । नीति, सिद्धान्त, विचार नमिल्ने पार्टीहरूलाई मिलाएर सरकार बनाइएको छ । सत्ता छोड्न ज्यान गएजस्तो हुन्छ । सत्ता स्वार्थका लागि जे पनि गर्न तयार हुने । यसरी त जनताले कसरी विश्वास गर्ने ? झुक्याउने, छक्याउने पनि त सीमा हुन्छ नि ।

अब जनता भ्रममा पर्दैनन् । यो कुरा नेताहरूले बुझ्ने हुन्छ । हल्काफुल्का राजनीतिक गफले मुलुक बनाउन सकिँदैन । मुलुक बनाउन नेतृत्वमा इमानदारी चाहिन्छ । खोइ इमानदारी ? बालेन, हर्क किन वावा छन् ? उनीहरूले जे बोलेका थिए आज त्यही गरेर देखाए । समृद्धि, लोकतन्त्र र समाजवादका कुरा धेरै भए । व्यवहारमा लैजाने कुरामा कम्युनिष्टहरू चुक्दै आएका छन् । समाजवाद के हो भन्ने कुरामा भने यत्तिको स्पष्टता र मतैक्यता छैन । कम्युनिष्ट र प्रजातान्त्रिक समाजवादीबीच आ-आफ्नै खाले समाजवाद नै 'वास्तविक समाजवाद' हो भन्ने कुरा उहिल्यैदेखि विवाद हुने गरेका विषय हुन् । समाजवादी भनिएका कतिपय देश बजारभक्त नवपुँजीवादमा परिणत भएका छन् भने केही भने पूर्णतया अपारदर्शी एकदलीय तानाशाहीमा समेत परिणत भएका छन् । नेपालको संविधानले नै समाजवादउन्मुख भनेको यो लोकतान्त्रिक संघीय गणतन्त्रमा शिक्षा र स्वास्थ्य कस्तो हुनुपर्छ ? बजारको शक्तिलाई कसरी कुन ठाउँमा राख्ने ? वर्तमान संविधानले नै 'समाजवादउन्मुख' भनेकाले यति महत्वपूर्ण चिन्तन गर्ने अवसर हामी नेपालीलाई मिलेको छ । समाजवाद बारेको छलफल अझै गहिराइमा पुग्न सकेको छैन । समाजवादी मोर्चा बनाएर हुँदैन, चरित्र निर्माणको मार्गचित्र बनाउन सक्नुपर्छ । समाजवादका कुरा गरिन्छ तर कार्ययोजनामा ठोस प्रष्टता र निश्चित योजनासमेत छैन । यसरी समाजवादी यात्रामा जान सकिँदैन । समाजवादी मोर्चा निर्माणपछि खासै तरंग आउन सकेन । कारण जनताले यो विषय पत्याउन र विश्वास गर्न सकेनन् । यो सत्ता टिकाउने दाउ हो भन्ने कुरा जनताले राम्रोसँग बुझेर बसेका छन् । यस्ता मोर्चा गठनबाट कोही तर्सिएका छैनन् । खासै चर्चासमेत पाउन सकेन यो मोर्चाले ।

वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहालले मोर्चा गठनको लागि ठूलो पहल गरेको देखिन्छ । संसद्मा बलियो शक्तिको रूपमा रहन मोर्चा निर्माण गरेको हुनुपर्छ । सबै वामशक्तिलाई एकताको सूत्रमा बाँध्न नसके यो मोर्चाको कुनै अर्थ छैन । नेपालमा लगभग दुई दर्जन वाम पार्टी छन् । वामशक्तिहरूको अवस्था दिनदिनै दयनीय बन्दैछ । बाबुराम भट्टराई, मोहन वैद्य, विप्लव, सिपी मैनाली, मोहन विक्रमजस्ता नेताको आजभोलि खासै चर्चा छैन । उनीहरू चोइटिएर तितरबितर छन्, कम्युनिष्टको नाममा विभिन्न खालका पसल खोलिएका छन् तर खासै चलेको देखिँदैन । माओवादी पनि निरन्तर ओरालो यात्रामा छ । अर्को निर्वाचनमा माओवादीको अवस्था निकै दयनीय हुने अवस्था देखिन्छ । त्यसो भएर पनि होला दाहालले मोर्चा गठनको पहल गरेको । लामो समयदेखि कम्युनिष्टहरू चोइटिएर बसेका छन् र कहिले जोडिएर बस्ने गर्दछन् । यिनीहरूको बिश्वास गर्ने कुनै भरपर्दो आधार अझै देखिएको छैन । नाम चाहिँ एकीकृत राख्छन् तर फुटिरहन्छन् । यस्तो लाजमर्दो छ । नेपाली राजनीतिमा कम्युनिष्ट ओरालो लाग्दै छन् । सबै कम्युनिष्ट मिले भने देशको ठूलो शक्ति बन सक्छ । अर्को निर्वाचनमा कम्युनिष्टको हालत कस्तो हुन्छ त्यो त हेर्न बाँकी छ । आफूलाई ठूलो भन्ने कम्युनिष्ट पार्टीले पनि लोकप्रियता निरन्तर गुमाउँदै छ । पहिलेभन्दा झण्डै १२ लाख बढी मतदान भएको अघिल्लो निर्वाचनमा उसले पाएको लोकप्रिय मत पहिलेभन्दा सात लाख कम छ । समाजवादी मोर्चा बनाएर हुने केही होइन । नागरिक अलमल्याउने खेल केही हदसम्म हुन सक्छ । अरू केही हुँदैन । नेताहरूको सोच, चरित्र र आचरणमा स्खलन भइसकेको छ । समाजवादी भनिने अधिकांश नेताको जीवन तथा आचरण समाजवादी चरित्र अनुरूप छैन । हिजो आफूलाई सर्वहाराका नेता भन्ने नेताहरूको आज शहरका विभिन्न ठाउँमा जग्गा, जमिन, घर बनिसकेका छन । जनतालाई भ्रम छरेर हिँड्नेहरू आज मुख छोपेर हिँडने भएका छन् । नेताहरूको विलासी जीवन भनी साध्य छैन । कम्युनिष्टका नेताहरू महँगा गाडी र हेलिकप्टरमा सवार हुन्छन् । अधिकांश कम्युनिष्ट नेता व्यापारीभन्दा धनी छन् । उनीहरूको जीवनशैली नै भड्किलो छ । अधिकांश नेताहरू घमण्डी छन् । जनतासँग भेट गर्न खोज्दैनन् ।

यसरी जनताको भलो हुँदैन । उनीहरू राजनीतिलाई व्यापार ठान्छन्, नाफामा तल्लीन छन् । कम्युनिष्टका नेताहरू परिवारवाद भित्रको घेरामा छन् । उनीहरू त्यो घेरा टोड्न अझै सकिरहेका छैनन् । हिजो राजामहाराजाहरूले राज्यको दोहन त्यति गरेनन् होला आज नेताहरूले जति गरेका छन् । उनीहरू आफ्नो र परिवार बनाउन कम्मर कसेर लागेका छन् । देश बनाउन होइन, आफू बन्नमात्र उनीहरूको ध्यान केन्द्रित छ । संसारभरबाट कम्युनिष्टहरू पतन हुँदै जानुको कारण यो हुन सक्छ । अहिले नेपालका कम्युनिष्टहरूको सामाजिक जीवन आचरण कुनै पनि हिसाबले समाजवादी दर्शन तथा आदर्शसँग मिल्ने प्रकारको छैन । कम्युनिष्टहरूले पटक-पटक सरकारको नेतृत्व गरे तर देश र जनताको भाग्य र भविष्य चम्काउने कुनै काम गरेर देखाउन सकेनन् ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मित्रबाट विशेष सहयोग मिल्नेछ । विनाप्रतिस्पर्धा फाइदा हुने योग छ । | **तुला** : वैदेशिक क्षेत्रको कार्य अघी बढ्नेछ। विशिष्ट व्यक्तिको सहयोग पाईनेछ । |
| **वृष** : साहित्य तथा संगीतमा रुचि बढ्नेछ। अध्यापन सफल रहेको छ । | **वृश्चिक** : अधुरा कामहरू पुरा हुनेछन्। रतिराग बढाउने समय छ । |
| **मिथुन** : कार्यमा सफलता मिल्नेछ । अरुलाई प्रभावित पारी काम बन्नेछ । | **धनु** : साहित्यिक क्षेत्रमा रुची बढ्नेछ । परोपकारका क्षेत्रमा लगानीको समय छ। |
| **कर्कट** : क्षमतामा कमी आउनेछ । आफ्नै कमजोरीले विवादमा परिएला । | **मकर** : समाजसेवामा मन लाग्नेछ । व्यापारबाट लाभ प्राप्ति हुने योग छ । |
| **सिंह** : प्रतियोगितात्मक क्रियाकलापबाट लाभ मिल्नेछ । कार्यमा सफलता पाईनेछ । | **कुम्भ** : कान्ति र शान्ति छाउनेछ । श्रमको उचित मुल्याङ्कन हुनेछ । |
| **कन्या** : रमाइलो यात्राको योग छ । मित्रबाट सोचेजस्तो लाभ प्राप्त हुनेछ । | **मीन** : साना समस्यामा अल्झिनु पर्नेछ। पाचनप्रणालीमा समस्या देखिनसक्छ । |

# रैनादेवीको नीति तथा कार्यक्रम : कृषिमा केन्द्रीत



**पाल्पा,** असार ९/जिल्लाको रैनादेवी छहरा गाउँपालिकाले कृषिमा आत्मनिर्भर बनाउने योजना सहित आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम ल्याएको छ । पालिकाले १४ औ गाउँसभामार्फत नीति तथा कार्यक्रम ल्याएको हो ।

शुक्रबारदेखि गाउँपालिकाको सभाहलमा सभा सञ्चालन भइरहेको छ । गाउँसभामा अध्यक्ष रुक्माङ्गत भट्टराईले आगामी वर्ष २०८०/८१ को लागि नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन् । उनले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा कृषिलाई प्राथमिकतामा राख्दै स्थानीय श्रोत साधनलाई स्वरोजगारसँग जोड्ने, समृद्ध गाउँपालिका निर्माण गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान बनाउने, योजनाबद्ध स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने, स्थानीयवासीको आर्थिक समृद्धि कायम राख्ने र २०८५ सम्म विकाशिल पालिकामा स्तरउन्नती गर्ने विषय समेटिएको छ ।

कृषि तथा पशुपंक्षीतर्फ एक घर एक करेसाबारी, तरकारी उत्पादनमा आत्मनिर्भर, कृषि पकेट क्षेत्र, सामुहिक रुपमा व्यवसायिक खेती, बाँझो जमिनमा सामुहिक करार खेती, रैथानेबाली तथा विउ संरक्षण, कृषि एम्बुलेन्सको व्यवस्था, पालिकालाई मासु, अण्डा, दुध र तरकारीमा आत्मनिर्भर, कृषियन्त्र र कृषिजन्य उत्पादित वस्तुको सामग्रीमा छुटको व्यवस्था नीति तथा कार्यक्रममा समेटिएको छ ।

यस्तै नीति तथा कार्यक्रममा निर्वाहमूखी कृषि तथा पशु विकास क्षेत्रमा व्यवसायीकरण, सहज, सर्वसुलभ तथा रोजगारमूलक गुणस्तरीय शिक्षा प्रदान गर्ने, स्थानीय जात जाती भाषा कलासंस्कृतीको संरक्षण तथा पुस्तान्तरण गर्ने, स्थानीय श्रोत साधनमार्फत गरिबी न्यूनिकरण गर्ने, लक्षित तथा पिछडिएको समुदायको जीवनस्तरमा सुधार गर्ने र दिगो विकास, जैविक विविधता र वातावरणको संरक्षण गर्ने विषयमा समेत अध्यक्ष भट्टराईले जोड दिएका छन् ।

चालु आर्थिक वर्षमा शुरु भएको गुल्मी, अर्घाखाची र रुपन्देही जिल्ला जोड्ने सडक निर्माणलाई निरन्तरता, १५ शैयाको अस्पताल निर्माण, छहरा स्वास्थ्य चौकीमा आकस्मिक सेवा सञ्चालन, एक वडा एक गौरवको आयोजना, विद्यालय नर्सिंङ कार्यक्रम विस्तार, एसइई उत्तिर्ण गरिव जेहेन्दार विद्यार्थीहरुलाई प्राविधिक धारको अध्ययनमा छात्रबृत्ति, कक्षा ८ माथिका छात्राहरुलाई आत्मरक्षा तालिम, छात्राहरुलाई विद्यालयमै निःशुल्क प्याडको व्यवस्था जस्ता कार्यक्रम नीति तथा कार्यक्रममा समेटिएका छन् । आगामी एकिकृत घुम्ती सेवा, घर-घरमा जेष्ठ नागरिक उपचार सेवा, दीर्घ रोगीहरुको निःशुल्क चेकजाच तथा औषधीको व्यवस्था, ठाउँ-ठाउँमा योग कक्षा, एक घर एक धारा अभियानलाई निरन्तरता, खानेपानीको लागि मुहान संरक्षण, फोहोरमैला व्यवस्थापन जस्ता कार्यक्रम राखिएका छन् ।

युवा तथा खेलकुदतर्फ कटौजेपानी खेलमैदानलाई थप स्तरउन्नती गर्दै जाने, अध्यक्ष कप तथा वडास्तरमा विभिन्न खेलकुद प्रतियोगिता गर्ने, वडा वडामा आवश्यकता अनुसार खेलमैदान निर्माण गर्ने, युवा विदेश हैन विजनेस भन्ने नारालाई सफल बनाउन रोजगारमूलक तालिमहरु सञ्चालन जस्ता कार्यक्रम पनि नीति तथा कार्यक्रममा समेटिएका छन् । लैङ्गिक समानता र सामाजिक समावेशीकरण अन्तर्गत महिलाको सीप क्षमता तथा नेतृत्व विकास गर्ने, गर्भवती महिलाका लागि आमा सुरक्षा र नवजात शिशुको पोषण कार्यक्रम, ७५ बर्षभन्दा माथिका जेष्ठ नागरिकहरुको लागि घरमै सामाजिक सुरक्षा कार्यक्रम र विश्रामस्थल निर्माण, विभिन्न जातजातीका परम्परागत पेशालाई व्यवसायीकरण गर्ने नीति तथा कार्यक्रम रहेको छ ।

अध्यक्ष भट्टराईले पेस गरेको नीति तथा कार्यक्रममा सहकारी तथा वित्तिय क्षेत्र, उद्योग तथा पर्यटन, पूर्वाधार विकास, भवन तथा आवास सहरी विकास, सिंचाई उर्जा तथा विद्युत, सूचना तथा सञ्चार, वन वातावरण तथा विपद्, सुशासन तथा संस्थागत विकास जस्ता विषयवस्तु समेटिएका छन् । प्रस्तुत नीति तथा कार्यक्रम माथि कार्यपालिका सदस्य सूर्यबहादुर कार्की, वडा सदस्य धनबहादुर रायमाझी लगायतले जिज्ञासा राखेका थिए । कार्यक्रममा उपाध्यक्ष युवराज थापा, प्रवक्ता देवेन्द्र पुन सहितका जनप्रतिनिधी, प्रमुख प्रशासकीय अधिकृत दिनेश सारु सहित कर्मचारीहरु पत्रकारहरुको सहभागिता रहेको थियो ।


# रिब्दीकोटले ल्यायो...

...आगामी वर्षको लागि गाउँपालिकाले एक टोल, एक सामूहिक खेतीको लागि ३० लाख, कृषि उपज उत्पादनमा आधारित अनुदानको लागि ५० लाख, मकैबाली प्रवर्द्धन तथा रैथाने बाली प्रवर्द्धनको लागि ३१ लाख, उखु, तरकारी र च्याउ खेती प्रवर्द्धन, डेरी तथा मासु पसल सुधारको लागि २१ लाख ५० बजार, कुसुमखोलामा प्राङ्गारिक मल प्रशोधन कारखाना स्थापनाको लागि १५ लाख, कृषि उत्पादन संकलन तथा बजारीकरणको लागि १० लाख, कृत्रिम गर्भाधान, नश्ल सुधार तथा पशु स्वास्थ्य सेवाको लागि ११ लाख विनियोजन गरेको छ । पूर्वाधारतर्फ जलेश्वर पर्यटन पूर्वाधारका लागि १ करोड ५० लाख, खौडेलीदेखी खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रसम्मको सडक स्तरउन्नतीको लागि १ करोड, देउराली कोहल खेलमैदानका लागि १ करोड, कन्टीपोखरा ख्याहा सडकको स्तरउन्नतीका लागि ७५ लाख, पालुङमैनादी देखी वडा नं ८ फेकसम्मको सडक स्तरउन्नतीको लागि ७५ लाख, हार्थोक छहरा मोटबाटो मर्मतको लागि २५ लाख, पालिका भित्रका अधुरा खानेपानी योजना पुरा गर्न ३० लाख बजेट विनियोजन गरेको छ । पालिकामा रिब्दीकोट उद्योग विकास प्राधिकरण गठनको लागि १० लाख, खस्यौली स्वास्थ्य केन्द्रमा जेठ नागरिक, अपाङ्ग, जनप्रतिनिधी, कर्मचारीको निःशुल्क उपचारको लागि ५ लाख, स्वास्थ्य संस्थामा औषधी खरिदको लागि २२ लाख, प्राकृतिक चिकित्सा, योग ध्यान जनचेतनाको लागि १० लाख, पालिका भित्र सुत्केरी हुन नसकी रिफर भएका महिलालाई निःशुल्क एम्वुलेन्स सुविधाको लागि बजेट सुनिश्चित भएको छ । विद्यालयमा पढ्दै कमाउँदै, कमाउँदै पढ्दै कार्यक्रम सञ्चालन गर्ने, स्थानीय पाठ्यक्रम निर्माणको लागि ५ लाख, शिक्षक विद्यार्थीहरुको मनोवल वृद्धि गर्न ५ लाख, अध्यक्ष कप र राष्ट्रपति रनिङ शिल्डको लागि १० लाख, ख्याहा र लघुवामा व्याडमिण्टन कवर्ड हल निर्माणको लागि पाँच/पाँच लाख, बजेट विनियोन गरेको उपाध्यक्ष अधिकारीले बताइन् । महिलालाई आत्मर्निभर बनाउन १० लाख, जेष्ठ नागरिक, लक्षित तथा विपन्न वर्गको उत्थानको लागि १० लाख, ग बर्गका अपाङ्ग भत्ताको लागि १५ लाख, ख र ग वर्गका अपाङ्गताहरुको निःशुल्क स्वास्थ्य बिमाको लागि १५ लाख, कोखदेखि शोकसम्म उपाध्यक्ष कार्यक्रमको लागि पालिकाले बजेट विनियोजन गरेको छ ।

पालिकाले एक घर एक वित्तिय खाता तथा सहकारीको क्षमता विकासको लागि ५ लाख, कुसुमखोला चिस्यान केन्द्रमा थ्रि फेस विद्युत जडानको लागि १० लाख, प्रत्येक वडामा विपद् तथा जोखिम व्यवस्थापनको लागि एक एक लाख, श्रम र श्रमिकको मर्यादा हुने गरी रोजगारी सिर्जना तथा ५ वर्षे रणनीति तयार गर्न ४९ लाख ११ हजार, विपद् पीडितको राहतको लागि ८ लाख गाउँपालिकाले बजेट विनियोजन गरेको छ । १३ औ गाउँसभाको सञ्चालन सभामुखको भूमिकामा पालिका अध्यक्ष नारायणबहादुर कार्कीले गरेका थिए । गाउँसभामा आर्थिक ऐन र विनियोजन ऐन माथि छलफलको लागि पेश गरिएको थियो ।

## खेलकुद समाचार

# बुधबारदेखि तेस्रो प्रधानमन्त्री कप ब्याडमिन्टन



**काठमाडौं,** असार ९/नेपाल ब्याडमिन्टन संघको तत्त्वावधान तथा बागमती प्रदेश ब्याडमिन्टन संघ तदर्थ समितिको आयोजनामा 'तेस्रो प्रधानमन्त्री कप खुला राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता' बुधबार (असार १३ गते) देखि सुरु हुने भएको छ ।

ललितपुरको नखिपोटस्थित नखिपोट ब्याडमिन्टन सर्कलको कभर्डहलमा हुने उक्त प्रतियोगितामा महिला र पुरुष एकल, पुरुष युगल, पुरुष भेट्रान (४५ वर्षमाथि) को युगल, यू-११, यू-१३ र यू-१५ छात्र-छात्रा गरि १० वटा स्पर्धामा खेलाडीहरुबीच प्रतिस्पर्धा हुने जानकारी प्रतियोगिता संयोजक तथा बागमती प्रदेश ब्याडमिन्टन सै तदर्थ समितिका अध्यक्ष रुद्र थिङले दिए । असार १६ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितालाई राष्ट्रिय खेलकुद परिषद्को मुख्य सहयोग रहेको छ । नेपालका लागि योनेक्सको आधिकारिक विक्रेता योनेक्स सनराइज इनास इन्टरप्राइजेजले पनि प्रतियोगितालाई विशेष सहयोग गरेको छ । प्रतियोगिता सम्पन्न गर्न करिब १४ लाख ४१ हजार रुपैयाँ लाग्ने आयोजकले जनाएको छ । प्रतियोगितामा कूल पुरस्कार राशि पाँच लाख ३३ हजार रुपैयाँ रहेको छ । पुरुष र महिला एकलतर्फ प्रथम, द्वितीय र तृतीय हुने खेलाडीले क्रमशः ५० हजार, २५ हजार र १० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । यसैगरी पुरुष युगलतर्फ शीर्ष तीन स्थानमा आउने खेलाडीले क्रमशः ४० हजार, २० हजार र आठ हजार, भेट्रान्सतर्फका विजयीले क्रमशः ३० हजार, १५ हजार र ६ हजार तथा यू- ११, यू–१३ र यू–१५ का शीर्ष तीन खेलाडीले क्रमशः १५ हजार, १० हजार र पाँच हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगितामा करिव दुई सय ५० खेलाडीको सहभागिता रहने आयोजकले जनाएको छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

# तानसेन नगर सरकारको...

...यस्तै माघे संक्रान्ति, ऋषिकेशव हरिबोधनी एकादशी रथयात्रा, कृष्णजन्मास्टमी, प्रभासको शिवरात्री मेला, योमरी पुन्ही, माण्डव्य रथ यात्रा, कंलकी देवी अष्टमी मेला, मगर दिवस, बुद्ध जयन्ती, नयाँ वर्ष समेतलाई मेलाकै रुपमा मनाउने पद्धतिलाई निरन्तरता दिइने छ । नगर भित्रका मठमन्दिर मदरसा, गुम्वा, विहार, चैत्य, चर्च, मस्जिद, संरक्षणको लागि आवश्यक व्यवस्था मिलाइने, लुम्बिनी प्रदेश सरकारसँग समन्वय गरी श्रीनगर सांस्कृति डवली नगरपालिकामार्फत सञ्चालनमा ल्याइने, पर्यटकहरुको बसाई बढाउन तथा पाल्पाली कलासंस्कृति उजागर गर्न रात्रीकालीन कार्यक्रमको थालनी गरिने समेत उल्लेख गरिएको छ । उप्रमुख सिंजालीले पेस गरेको नीति तथा कार्यक्रममा सुशासन तथा संस्थागत विकास, आर्थिक विकास, सामाजिक विकास, पूर्वधार विकास लगायतका विषयहरु समेटिएको छ । जुन बहुमतले पारित भएको छ ।

प्रस्तुत नीति तथा कार्यक्रम माथि नगर सभा सदस्य गीता भट्टराई, माधव बस्याल, अमर राना, गोमा गैरे, रेखा विष्ट, हरिबहादुर थापा, विमला बौडेल, कमल दर्लामी, राधिका थापा, कर्णबहादुर रेस्मी, लगायतले जिज्ञासा राखेका थिए । सभामुखको भूमिकामा रहेका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले नगर सभा सदस्यहरुमा प्रश्न गर्ने र सुझावहरु निर्धक्कका साथ राख्ने क्षमताको विकास भएकोमा खुसी व्यक्त गरे । उनले गत वर्ष ल्याएको नीति तथा कार्यक्रम सबैको सहयोग र साथले अधिकासं कार्यान्वयन गर्न सफल भएको बताए । नगर सभाको दोस्रो बैंठक आज दिउँसो १ बजे बस्ने जनाइएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

विषादीको प्रयोगमा सचेत बनौं
*विषादीको प्रयोगबाट व्यक्तिमा देखिने लक्षणहरु,*
- थकान महशुस हुनु, टाउको दुख्नु, रिङ्गटा लाग्नु, छाती दुख्नु ।
- छाला लाटो हुनु, चिलाउनु र फोका आउनु ।
- आँखा रातो हुनु, पोल्नु, आँसु बगिरहनु, धमिलो देखिनु र आँखीभौं फरफराउनु ।
- नाक पोल्नु, पातलो सिंगान बगिरहनु, खोकी लाग्नु, वाक-वाकी लाग्नु, वान्ता हुनु र निद्रा नपर्नु ।
- हिँड्दा लड्खडाउनु, कम्पन हुनु, होस हराउनु, स्वाँ-स्वाँ बढ्नु र मुर्छा पर्नु ।
*त्यसबाट प्यारालाइसिस, हृदयघात तथा मृत्यु समेत हुन सक्ने भएकोले विषादीको प्रयोगमा सावधानी अपनाऔं ।*
नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई